बैठक नं. ४

आज मिति २०८०।११।०३ गते का दिन अदानचुली गाँउपालिकाका अध्यक्ष श्री मोहन विक्रम सिंहज्यूको अध्यक्षतामा गाउँ कार्यपालीकाको बैठक बसी देहायका प्रस्तावहरुमा छलफल गरि निर्णय गरियो ।

**उपस्तिथि:**

| | | |
|---|---|---|
| श्री मोहन विक्रम सिंह | अध्यक्ष | अदानचुली गा.पा. हुम्ला |
| श्री कर्ण रोकाया | उपाध्यक्ष | अदानचुली गा.पा. हुम्ला |
| श्री अके महतारा | वडा अध्यक्ष | अदानचुली गा.पा.१ हुम्ला |
| श्री नन्द महतारा | वडा अध्यक्ष | अदानचुली गा.पा.२ हुम्ला |
| श्री डिल वहादुर फडेरा | वडा अध्यक्ष | अदानचुली गा.पा.३ हुम्ला |
| श्री मनऋषी पाण्डे | वडा अध्यक्ष | अदानचुली गा.पा.४ हुम्ला |
| श्री कमल वहादुर छत्याल | वडा अध्यक्ष | अदानचुली गा.पा.५ हुम्ला |
| श्री विर्ख वहादुर वुढा | वडा अध्यक्ष | अदानचुली गा.पा.६ हुम्ला |
| श्री कमल नेपाली | कार्यपालीका सदस्य | |
| श्री हिरा दार्नी | कार्यपालीका सदस्य | |
| श्री भैकती सुनार | कार्यपालीका सदस्य | |
| श्री छ्याङकला वुढा | कार्यपालीका सदस्य | |
| श्री कुसुमा रोकाया | कार्यपालीका सदस्य | |
| श्री कलुवा टमटा | कार्यपालीका सदस्य | |
| श्री हंस महतारा | प्रमुख प्रशाकीय अधिकृत | सदस्य सचिव |

**प्रस्तावहरु:**

१. गाँउ सभा सञ्चालन सम्बन्धी छलफल ।

२. पन्ध्र लाख भन्दा माथिका योजनाहरुको कार्यसंचालन सम्बन्धमा ।

३. स्थानिय पाठयाक्रम निमार्ण सम्बन्धमा ।

४. योजना संसोधन सम्बन्धमा ।

**निर्णयहरु**

प्रस्ताव नं. १ माथि छलफल गर्दा मिति २०८०।११।०४ गतेका दिन विभिन्न ऐन र कार्यविधिहरु गाउँ सभामा पेश गरी १४ औं हिउदे गाउँसभा सम्पन्न गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. २ माथि छलफल गर्दा अदानचुली गाउँकार्यपालिकाको यो भन्दा पहिलेको १५ लाख भन्दा बढीको योजनाको कार्य सञ्चालन ठेक्का प्रक्रियाबाट गर्दा तत्कालको लागि समय अभाव हुने भएकोले आ.व. २०८०।८१ को योजनाहरुलाइ उपभोक्त समिति बाट गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ३ माथि छलफल गर्दा अदानचुली गा. पा को स्थानिय पाठयक्रम निमार्ण गरि यसै शैक्षिक सत्रबाट लागु गर्ने निर्णय गरियो जसको स्थानिय पाठयक्रम विकास संयोजन समिति तपशिल बमोजिम हुने छ ।

संयोजक : गा.पा अध्यक्ष श्री मोहन विक्रम सिंह ।

सदस्य : गा.पा उपाध्यक्ष श्री कर्ण रोकाय ।

सदस्य : सामाजिक विकास समिति संयोजक श्री कमल बाहदुर छत्याल ।

सदस्य : प्रमुख प्रशासकीय अधिकृत श्री हंस महतारा ।

सदस्य सचिव : शिक्षा शाखा प्रमुख श्री मनदत्त ढकाल ।

सो संयोजन समितिले विज्ञटोली निमार्ण गरि स्थानिय पाठयक्रम निमार्णका लागी आवश्यक वजेटको व्यवस्थापन गर्ने निर्णय गरियो ।

१. काँडखेत देखि कोल्मा पताडा रोड निमार्ण योजनालाई संसोधन गरि कुम्डा देखि काडखेत रोड स्तर उन्नती गर्ने निर्णय गरियो ।

२. ओखर ब्लक कार्यक्रम वडा नं ४ को योजनालाई संशोधन दगरि भेडी खर्क देखि पाताचौका सम्म बाटो निमार्ण रु ५०००००। र सियाला घेरवार निर्माण रु ५०००००। गरि २ वटा शिर्षकमा शिर्षक परिवर्तन गर्ने निर्णय गरियो ।